त्रिभुवन विश्वविद्यालय
# कृषि र पशु विज्ञान अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## कृषि/वागवानी (B.Sc.Ag./Hort.) स्नातक तहमा विद्यार्थी भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना।

**प्रकाशित मितिः २०७९/१०/०१ गते।**

शैक्षिक वर्ष २०७९/०८० को लागि यस अध्ययन संस्थान अन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थान/कार्यक्रममा स्नातक तहमा कृषि/वागवानी (B.Sc.Ag./Hort.) विज्ञान विषयमा नयाँ विद्यार्थी भर्ना गर्न मिति २०७९/०९/२६ गते सूचना प्रकाशित गरिएकोमा आज मिति २०७९/१०/०१ गते यति एयरको ATR 72 विमान दुर्घटना भएको घटनाप्रति दुख व्यक्त गर्दै नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम मिति २०७९/१०/०२ गते राष्ट्रिय रुपमा शोक विदा दिने निर्णय भएको हुँदा सोही दिनमा तय गरिएको भर्ना कार्यक्रम सञ्चालन गर्न प्राविधिक समस्या हुने देखिएकोले भर्ना समितिको निर्णयानुसार तपशिल अनुसार भर्ना कार्यक्रमको मिति र समय संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### साविकको भर्ना मिति र समय

| मिति | काउन्सेलिङको लागि आइपुग्नु पर्ने समय | काउन्सेलिङ समय | उपस्थिति हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| २०७९ माघ ०२ गते | विहान १०:०० बजेभित्र | १०:१५ बजेदेखि | मेरिट नं. ००१ देखि १५० सम्म |
| २०७९ माघ ०३ गते | दिउँसो १०:०० बजेभित्र | ०१:१५ बजेदेखि | मेरिट नं. १५१ देखि ३०० सम्म |
| २०७९ माघ ०६ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | माघ ०३ गतेसम्मको भर्नामा रिक्त हुन आउने सिट संख्याको आधारमा मिति २०७९/१०/०४ गते भित्र सूचना गरिनेछ। |
| मिति २०७९/१०/०६ गतेको काउन्सेलिङमा पनि तालिका नं. १ मा तोकिएको सिट संख्या पुरा नभएमा अर्को काउन्सेलिङको लागि मिति २०७९/१०/१० गतेभित्र सूचना प्रकाशित गरिनेछ। | | | |

### संशोधित भर्ना मिति र समय

| मिति | काउन्सेलिङको लागि आइपुग्नु पर्ने समय | काउन्सेलिङ समय | उपस्थिति हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| २०७९ माघ ०३ गते | विहान ९:३० बजेभित्र | १०:०० बजेदेखि | मेरिट नं. ००१ देखि १५० (पहिलो सिफ्ट) |
| | दिउँसो ०१:०० बजेभित्र | ०१:३० बजेदेखि | मेरिट नं. १५१ देखि ३०० (दोस्रो सिफ्ट) |

नोटः भर्ना हुनको लागि तोकिएको मिति र समयमा अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ।

.............................
डा.किशोर चन्द्र दाहाल
सहायक डीन एंव संयोजक
भर्ना समिति

पो.अ.ब. ९८४; फोनः ९७७-१-४३३०५००/४३३०६००; इमेलः info@iaas.edu.np; Website : www.iaas.edu.np